# कालिञ्चोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा

## सेवा करारमा जनशक्ति लिने बारेको सूचना

**(सूचना प्रकाशित मितिः २०७५/०६/०७ गते**

यस कार्यालयलाई चालु आर्थिक बर्षको लागि देहायको जनशक्ति आवश्यक परेकोले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र आईपुग्ने गरी यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक उम्मेदवारले निवेदनसाथ व्यक्तिगत विवरण ( CV), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणप्रत्रका प्रतिलिपीहरु, कार्यानुभवका प्रमाणपत्रका प्रतिलिपीहरु तोकिएको समयभित्र यस कार्यालयमा आईपुग्ने गरी पठाउनु पर्नेछ । समय नाघेर आएको, अपुरो एवं रित नपुगेको निवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन । उम्मेदवारको आवश्यक शैक्षिक योग्यता एवं अनुभव, नेपाल सरकार लोकसेवा आयोगले तोके बमोजिम हुनेछ । कार्यविवरण, छनौट मापदण्ड लगायतका बिस्तृत विवरणका सम्बन्धमा कार्यालयबाट जानकारी प्राप्त गर्न सकिनेछ ।

| क्र. सं. | विज्ञापन नम्बर | पद | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | आवेदन फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०७५-७६ | असिष्टेण्ट सब इन्जिनियर | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट T-SLC (सिभिल इन्जिनियर) वा सो सरह उत्तिर्ण गरेको | रु ५००।- |
| २ | २/२०७५-७६ | अनमी | ७ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट A.N.M. विषय लिई प्राविधिक एस.एल.सी. वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने | रु ५००।- |
| ३ | ३/२०७५-७६ | अ.हे.व. | ३ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट C.M.A. विषय लिई प्राविधिक एस.एल.सी. वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने | रु ५००।- |
| ४ | ४/२०७५-७६ | नायब पशु सेवा/स्वास्थ्य प्रा. | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट T-SLC (VJTA) उत्तिर्ण गरेको वा सो सरह | रु ५००।- |
| ५ | ५/२०७५-७६ | हलुका सवारी चालक | १ जना | हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने | रु ४००।- |
| ६ | ६/२०७५-७६ | हेभी सवारी चालक | १ जना | हेभी सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने | रु ४००।- |
| ७ | ७ /२०७५-७६ | ब्याक हो लोडर चालक (अपरेटर) | १ जना | ब्याक हो लोडर चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने । | रु ४००।- |

**१. कार्य अवधि :** सेवा करार अवधि करार गरिएको मिति देखि २०७६ असार मसान्तसम्म हुनेछ ।

**२. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

क) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि/सवारी चालकको हकमा सवारी चालक अनुमति पत्रको प्रतिलिपी ।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ग) व्यक्तिगत विवरण (CV)

घ) दस्तुर बुझाएको सक्कलै भौचर ।

**पुनश्च : पेश गरिएका सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।**

**३. दरखास्त दर्ता :** दरखास्त फारम तोकिएको ढाँचामा भरी कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालयमा तोकिएको अवधिभित्र रितपूर्वक बुझाई सक्नुपर्नेछ ।

**४. दरखास्त पाइने स्थान:** गाउँकार्यपालिकाको कार्यालय, सुनखानी, दोलखा तथा कार्यालयको website: www.kalinchowkmun.gov.np मा समेत प्राप्त गर्न सकिनेछ ।

**५. दरखास्त शुल्क :** दरखास्त शुल्क सम्बन्धमा यस कार्यालयको नेपाल बैंक लिमिटेड चरिकोट शाखाको कोष खाता नं. 1300300000004001017 मा समेत जम्मा गर्न सकिनेछ । दरखास्त बुझाउँदा सो को सक्कल भौचर बुझाउनु पर्नेछ ।

**६. पारिश्रमिक :** नियमानुसार हुनेछ ।

**७. परीक्षण पद्धति :** लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता (सवारी चालकको हकमा प्रयोगात्मक तथा अर्न्तवार्ता ।)

**८. सर्म्पक मिति :** २०७५ आश्विन २२ गते कार्यालय समय भित्र ।

**९. परीक्षा हुने मिति :** सम्पर्क मितिमा तोकिनेछ ।

**१०. सम्पर्क :** फोन नं. : ०४९-६९१२७८, **Email:** ito.kalinchowkmun@gmail.com